नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
पो.व.नं. : ३९८७
सिंहदरबार, काठमाडौं

पत्र संख्या :-
चलानी नं. :-

मिति :-

## विज्ञप्ती

विभिन्न स्वदेशी तथा विदेशी कम्पनीले निजी जग्गामा किसानले लगाएको रुखहरुको कार्बन खरिद बिक्रीका लागि सम्झौता गराइ विभिन्न आश्वासन दिई कार्बन व्यापारको कार्य गरिरहेको भन्ने जनगुनासो प्राप्त भएको हुँदा यस्ता गतिविधिका सम्बन्धमा वन तथा वातावरण मन्त्रालयको ध्यानाकर्षण भएको छ ।

नेपालको संविधान बमोजिम कार्बन सेवा संघको एकल अधिकारको सूचीमा रहेको र वातावरण संरक्षण ऐन, २०७६ ले नेपाल सरकारले कार्बन व्यापारमा भाग लिन सक्ने व्यवस्था गरेको सन्दर्भमा नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार वन तथा वातावरण मन्त्रालयको कार्य क्षेत्र भित्र पर्ने कार्बन सेवा र कार्बन सञ्चिति सम्बन्धी विषयमा यस मन्त्रालयले क्योटो अभिसन्धि अन्तर्गतका स्वच्छ विकास संयन्त्र र पेरिस सम्झौताको दफा ६ (Article 6) अन्तर्गत हुने कार्बन व्यापारको लागि राष्ट्रिय आधिकारिक निकाय (National Designated Authority) तथा United Nations Framework Convention on Climate Change (UNFCCC) को लागि प्रमुख सम्पर्क विन्दु (Focal Point) को रुपमा कार्य गरिरहेको छ ।

नेपाल सरकारको पहलमा यस मन्त्रालयले सबै सरोकारवालाहरुको सक्रिय सहभागितामा वन विनाश र वनको क्षयीकरण कम गरी कार्बन उत्सर्जन घटाउने उद्देश्य राखी रेड कार्यान्वयन केन्द्र मार्फत तराई भू-परिधि क्षेत्रका १३ जिल्लामा उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयन गरिरहेको साथै बागमती, लुम्बिनी र गण्डकी प्रदेशका ३६ जिल्लामा वन क्षेत्रबाट हुने उत्सर्जन कम गर्ने गरी अर्को रेडप्लस कार्यक्रम तयार गरी कार्यान्वयनमा लगेको छ । यसका अतिरिक्त यस मन्त्रालयको स्वीकृतिमा नेपाल सरकारको वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र प्रस्तावक भई उर्जा क्षेत्रमा केही कार्बन व्यापार सम्बन्धी परियोजनाहरु संचालनमा रहेको विषय सर्वविदितै छ ।

यस सन्दर्भमा यस मन्त्रालयको अनुमति वा स्वीकृति नलिई नेपालको प्रचलित कानुनी व्यवस्था विपरीत वन, उर्जा, कृषि, फोहोरमैला लगायतका कुनै पनि क्षेत्र वा उपक्षेत्रमा निजी वा सार्वजनिक, स्वदेशी वा विदेशी संघ संस्था वा कम्पनीले कार्बन व्यापार सम्बन्धी परियोजना तयार गर्नु वा संचालन गर्नु गराउनु गैरकानूनी हुन्छ । अहिले देशका केही स्थानमा नीजि जग्गामा किसानले लगाएको रुखको कार्बन बिक्री गर्ने साथै सुधारिएको/विद्युतीय चुल्हो लगायतका प्रविधि मार्फत कार्बन खरिद बिक्री गर्ने नाममा जनतामा भ्रम सिर्जना गर्न सक्ने जोखिम रहेको हुँदा यस्ता कार्यमा संलग्न नहुन सर्वसाधारण सबैमा अनुरोध छ । नेपाल सरकारको अनुमति विना कार्बन खरिद बिक्रीको कार्य भए गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुने भएकोले त्यस्तो कुनै सुचना वा प्रमाण भएमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा जानकारी दिनु हुन सम्बन्धित सबैमा अनुरोध छ ।

मिति: २०८१/०५/१६
नेपाल सम्वत ११४४ (गुँलागा चतुर्दशी)

प्रवक्ता/सहसचिव
बद्रिराज ढुङ्गाना